# #DontBeAMule



## ⚠ सतर्क रहनुहोस्

### अपराधीहरूले विश्वविद्यालयका विद्यार्थीहरूलाई लक्षित गरिरहेका छन्

अपराधीहरूले विद्यार्थीहरूलाई लक्षित गर्दैछन् (अनलाइन र व्यक्तिगत रूपमा) र उनीहरूलाई आफ्नो बैंक खातामा पैसा पाउन र अर्को खाता वा क्रिप्टोकरेन्सी बजार मार्फत पठाउनको निम्ति भुक्तानी पाउने प्रस्ताव गर्छन्। अपराधीहरूद्वारा चोरीको पैसा अरूको तर्फबाट पठाउनका निम्ति कहिलेकाहीँ थाहै नदिई पैसाको म्युलको भर्ती गर्छ।

पैसा म्युलिङमा भाग लिनु एक गम्भीर आपराधिक कार्य हो, यदि दोषी ठहरिएमा तपाईंलाई १२ महिनादेखि आजीवन जेल सजाय हुन सक्छ। तपाईंलाई सार्थक आर्थिक इनाम प्रस्ताव गरिए तापनि, पैसा कमाउने प्रलोभनमा नपर्नुहोस्।

## पैसाको म्युल बनाउने भर्ती घोटालाहरूबाट सुरक्षित रहनुहोस्

### रोक्नुहोस्

- प्रस्ताव पत्याउनै गाह्रो हुने जस्तो छ कि छैन भनेर सोच्न एक क्षण समय निकाल्नुहोस्, सावधान रहनुहोस्।
- छिटो र सजिलै पैसा कमाउने मौका प्रदान गर्ने जागिरका विज्ञापनहरूबारे शङ्का गर्नुहोस्।

### जाँच गर्नुहोस्

- सम्भावित रोजगारदाताबारे उचित अनुसन्धान नगरी कुनै पनि अवसरको लागि साइन अप नगर्नुहोस्। उदाहरणका लागि, के उनीहरूको अनलाइन उपस्थिति छ? के सम्पर्क विवरणहरू वैध छन्? के यो विदेशमा अवस्थित छ?

### अस्वीकार गर्नुहोस्

- ठूला रकमहरू प्रस्ताव गर्ने कुनै पनि अनलाइन पोस्टहरूमा संलग्न नहुनुहोस्।
- तपाईंले नचिनेका मानिसहरूबाट आएका सन्देशका अनुरोधहरू स्वीकार नगर्नुहोस्, र यदि तपाईंलाई एकजना साथीमार्फत क्लिक गर्नको लागि लिङ्क भएको सन्देश आयो भने, तपाईंले जवाफ पठाउनु अघि उनीहरूसँग व्यक्तिगत रूपमा कुरा गर्नुहोस्।
- बैंक र व्यक्तिगत विवरणहरू आफूले नचिनेको वा विश्वास नगर्ने कसैसँग साझा नगर्नुहोस् - चाहे ती साथीहरू वा परिवारका बीचमै किन नहोस्।
- यदि कसैले तपाईंको खाता चलाउन 'उधारो' माग्छ भने, हुँदैन भन्नुहोस्।
- यदि तपाईंलाई केही कुरा सहि भइरहेको छैन जस्तो शंका लाग्छ भने, प्रस्ताव अस्वीकार गर्नुहोस्।

### स्वीकार गर्नुहोस्

- प्रतिष्ठित रोजगारीका साइटहरू र दर्ता भएका व्यवसायहरूसँग मात्र कारोबार गर्नुहोस्।

थप जान्नुहोस्

www.cyber.gov.au मा गएर खबर गर्ने बटन प्रयोग गरेर प्रहरीलाई पैसा म्युलिङबारे जानकारी दिनुहोस्।

AFP | JPC3 JOINT POLICING CYBERCRIME COORDINATION CENTRE